# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूको अष्ट्रेलियाको राजकीय भ्रमण तथा अन्य मुलुकहरूको अनौपचारिक भ्रमणसाथ परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान पनि त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयमा कार्यरत सह-सचिव श्री नरेन्द्रविक्रम शाहलाई मिति २०४२।५।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम नेपाल-भारत अन्त-र्सरकारी समितिको बैठकमा भागलिन नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जीतबहादुर मानन्धरलाई मिति २०४२।५।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।४।२४ को निर्णयानुसार नेपाल इन्जिनीय-रिङ्ग सेवा, केमिष्ट्री समूह, पदसंकेत व।वनस्पा।वि। ०८।१७ वनस्पति विभागका रा. प. द्वितीय श्रेणीका वैज्ञानिक अधिकृत डा. कृष्णराम अमात्यलाई सोही सेवा र समूहको पदसङ्केत उ।खा।भू। ०६।७ रा. प. प्रथम श्रेणीको सुपरिण्टेण्डेण्ट केमिष्ट पदमा मिति २०४२।३।२० देखि बढुवा गरी खानी तथा भू-गर्भ विभागमा पदस्थापन गरेको छ ।

आज्ञाले,

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४